# १० पहिलो वस्तुलाई पहिलो स्थान दिनु, हग्गै

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** हग्गै १, यूहन्ना २:१९, एज्रा ३:१-६, मत्ती १:२३, मत्ती १२:६, हग्गै २, लुका २४:१३-२७।

***स्मरण गर्नुपर्ने पद:*** "'सारा चाँदी मेरो आफ्नै हो। सुन पनि त मेरै हो" परमेश्वरले घोषणा गर्नुहुन्छ" (हग्गै २:८ न्यु इन्टर नेशनल रिभाइज्ड भर्जन् बाइबल)।

***मूल सोच:*** कमै नाउँ चलेको परमेश्वरको अगमवक्ता भएतापनि हग्गैको सन्देश सरल छ: के के थोकहरू हाम्रो निम्ति अनिवार्य वा नभै नहुनेछन्? अनि हामीले ती नभै नहुने थोकहरूलाई हाम्रो जीवनमा किन प्राथमिकता दिनुपर्दछ?

बाइबलका छोटो पुस्तकहरूमा हग्गैको पुस्तक अत्यन्त छोटो छ। यहूदाको इतिहासको उल्लेखनीय समयमा त्यस पुस्तक लेखिएको थियो। करिब बिस वर्ष अघि यहूदीहरू बेबिलोन (आधुनिक इराक)को दासत्व जीवन बिताएर आफ्ना स्वदेशमा फर्केका थिए। तर तिनीहरू आफ्ना देशमा फर्केको कारणचाहिँ बिर्सेको जस्तो देखिन्थ्यो। आआफ्नै घरहरू बनाउँदै गरेको बेलामा परमेश्वरको भत्किएको मन्दिरलाई तुलुतुलु हेरिरहेका थिए।

त्यसकारण दासत्वबाट स्वतन्त्र भएर फर्किएका यहूदीहरूलाई हग्गैले त्यस कहाली लाग्दो परिस्थितिप्रति गम्भिर हुन आह्वान गरेका थिए। हग्गैको सन्देश सरल र अर्थपूर्ण थियो। मानिसहरूले धेरै परिश्रम गरेका थिए। तै पनि तिनीहरूले चाँहिदोमात्रामा कमाउन सकेका थिएनन्। तिनीहरू अभावै अभावको चपेतामा परेका थिए। त्यो परिस्थितिमा तिनीहरू किन गुज्रनु पर्‍यो भन्दा तिनीहरूले आफ्नो जीवनमा परमेश्वरलाई प्राथमिकता दिएका थिएनन्। तिनीहरूको कामधन्धामा परमेश्वरलाई उछिनीरहेका थिए। येशू आफैले यो निती दिनुभएको थियो, " परमेश्वरको राज्य पहिलो खोजी गर। परमेश्वरले के चाहनुहुन्छ त्यो गर। अनि ती सबै थोक तिमीहरूलाई दिइनेछ" (मत्ती ६:३३ न्यु इन्टरनेशनल रिभाइज्द भर्जन बाइबल)।

आज पनि हामीहरू हाम्रो जीवनमा अस्तव्यस्त हुनु सजिलो छ। अनि त्यही दौरानमा अत्यन्त महत्त्वपूर्ण कुरो के छ सो हामी बिर्सन्छौं। त्यो के भने हाम्रो जीवनमा परमेश्वरको सदिच्छा के हो त्यसप्रति संवदेनशील नहुनु।

## १. रोप्नेचाहिँ धेरै तर कटानी भने थोरै (हग्गै १:१-११)

हग्गै १:१-११मा के भइरहेको छ हेरौं। अझ जरुरी कुरा सम्झनु पर्ने त किन त्यस्तो अवस्था भइरहेको छ? अझ त्यो भन्दा बढ्ता महत्त्वपूर्ण कुरो त हाम्रै जीवनमा त्यही नितिले किन निरन्तरता पाइरहेको अनुभव गर्दछौं? हग्गैको कालमा भएको दोषपूर्ण मनस्थिति के हामीमा पनि नभएको होइन र? पढौं:

"१ दारा राजाको दोस्रो वर्षको छैटौं महिनाको पहिलो दिन परमप्रभुको यो वचन हाग्गै अगमवक्ताद्वारा शालतिएलका छोरा यहूदाका राज्यपाल यरुबाबेलकहाँ र यहोसादाकका छोरा प्रधान पूजाहारी यहोशूकहाँ आयो। २ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, "यी मानिसहरू भन्छन्, 'परमप्रभुको मन्दिर निर्माण गर्ने समय अझ आएको छैन।" ३ तब परमप्रभुको यो वचन हाग्गै अगमवक्ताद्वारा आयोः ४ "यो मन्दिर भग्नावशेष भइरहेको देखेर पनि के तिमीहरू आफूचाहिँ बुट्टादार काठले सजाइएका घरहरूमा बस्ने समय यो हो र?" ५ अब सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, "तिमीहरू आफ्ना-आफ्ना चालको होशियारीसाथ विचार गर। ६ तिमीहरूले छर्न त धेरै नै छरेका छौ, तर थोरै मात्र कटनी गरेका छौ। तिमीहरू खान त खान्छौ, तर अघाउँदैनौ। तिमीहरू पिउन त पिउँछौ, तर तिमीहरूको तिर्खा मर्दैन। तिमीहरू लुगा त लगाउँछौ, तर न्यानो हुँदैनौ। तिमीहरू काम गरेर ज्याला कमाउँछौ, तर प्वाल परेको थैलीमा राख्छौ।" ७ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, "तिमीहरूका आफ्ना-आफ्ना चालको होशियारीसाथ विचार गर। ८ डाँड़ा-डाँड़ा उक्लेर काठपात ल्याओ र भवन बनाओ, र म त्यसमा खुशी हुन सकूँ र मेरो मान होस्," परमप्रभु भन्नुहुन्छ। ९ "तिमीहरूले धेरै आशा गर्‍यौ, तर हेर, थोरै मात्र हुन आयो। तिमीहरूले घरमा जे ल्यायौ, त्यो मैले फुकेर उड़ाइदिएँ। किन त?" सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "किनभने मेरो भवनचाहिँ भग्नावशेष भएको छ, तर तिमीहरू भने हरेक आफ्नो घरमा व्यस्त छौ।

१० यसकारण आकाशले शीत पर्न र पृथ्वीले अन्न उब्जन रोकिदिएको छ। ११ मैले खेतहरू र डाँड़ाहरू, अन्न र नयाँ दाखमद्य, तेल र जमिनले उब्जाउने जति सबैमा, मानिसहरूमा, पाल्तुपशुहरूमा र तिमीहरूका हातका सबै परिश्रमहरूमा अनिकाललाई बोलाएको छु।"

"यहूदीहरू बेबिलोन देशको दासत्वबाट फर्किएर आएको एक वर्ष भएको थियो। परमेश्वरको पवित्र मन्दिर भग्नावशेष अवस्थामा परिरहेको थियो। त्यस मन्दिरको बारेमा मानिसहरूले बिर्सिएको जस्तो देखिन्थे। मानिसहरू घरहरू बनाएर बसेका थिए। तिनीहरू आफ्नो जीविका चलाउन अत्यन्त परिश्रम गरिरहेका थिए। तर तिनीहरूको अवस्था भयावह थियो। तिनीहरू पसिना बगाएर कडा परिश्रम त गरे तै पनि तिनीहरूको जीवन सहज वा आरामदायी थिएन। सारा प्रकृति तिनीहरूकै विरुद्धमा भएको देखिन्थे। परमेश्वरको मन्दिर भत्केको भत्कै गर्न दिँदा उहाँ तिनीहरूप्रति असंतुष्ट हुनुभएको थियो। त्यसको फलस्वरूप त्यस देशमा अनिकाल आउन परमेश्वरले रोक्नुभएन। परमेश्वर तिनीहरूको पक्षमा छ भनेर देखाउन उहाँले तिनीहरूलाई खेतबारी दिनुभएको थियो। विभिन्न थरीका फलफूलहरू रोप्न तिनीहरूलाई बँगैचा पनि दिनुभएको थियो। मक्कै, तेल, दाखमद्य (वा दाखका रसहरू) पनि तिनीहरूले पाएका थिए। तर परमेश्वरले दिनुभएको ती प्रशस्त उपहारहरू आफ्नै स्वार्थको निम्तिमात्र प्रयोग गरेको हुनाले तिनीहरूले पाउने आशिषहरूलाई हटाइएका थिए।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किंग्स,* पृ. ५७३बाट रूपान्तरित।

मानिसहरूले ल्याएका अवस्थाले गर्दा तिनीहरूलाई हग्गैले हप्काएका थिए। परमेश्वरसँग गरेको करार वा सम्झौता (लैब व्यवस्था २६:१६,२०) तिनीहरूले भङ्ग गरेको हुनाले अरू धेरै श्रापहरूमा असफल परिश्रम पनि एक थियो। यदि मानिसहरूले आफ्नो जीवनमा परमेश्वरलाई प्राथमिकता दिइएन भने तिनीहरूको जीवन पनि आरामदायी बनाउन सक्षम् नहुने भएको थियो।

परमेश्वरको मन्दिरप्रति हग्गैको ठूलो प्रेम थियो। तुरन्तै त्यस मन्दिरलाई मानिसहरूले पुनःनिर्माण गरोस् भन्ने हग्गैको चाहना थियो। परमेश्वरको मन्दिरप्रति (चर्चप्रति?) ती मानिसहरूको केही वास्ता थिएन। हग्गैको आकाँक्षा ती अल्छि मानिसहरू भन्दा फरकै थियो। तिनीहरू

केवल आफ्नै स्वार्थमा मात्र डुबिरहेका थिए। आफ्ना घरहरू बनाउन र सजाउनमा मात्र तिनीहरू व्यस्त थिए।

मानिसहरूको हृदय परमेश्वरतिर फर्काउन परमेश्वरले हग्गैलाई प्रयोग गर्नुभएको थियो। उहाँको मन्दिर भग्नावशेष भइरहन्दा उहाँको आदर कसैले गर्ने थिएन। भत्केको मन्दिरले परमेश्वरप्रतिको श्रद्धा जगाउँदैन। यरूशलेममन्दिर पतित मानिसहरूको आश्रयस्थान भएर खडा भएको थियो। परमप्रभु सनातनको परमेश्वर स्वर्ग र पृथ्वीका शासक हुनुहुन्छ भनेर सारा संसारलाई चिनाइ राख्ने थलो नै यरुशलेममा भएको परमेश्वरको मन्दिर थियो। तर परमेश्वरलाई चित्रण गरिएको अर्थात् उहाँको उपस्थितिको आभास दिने मन्दिर नै भग्नावशेषमा छ भने इस्राएलका सन्तानले सत्य परमेश्वरको बारेमा विश्व सामु कसरी साक्षि दिइरहने (यस सन्दर्भमा यूहन्ना २:१९, मत्ती २६:६१ पनि पढ्नुहोस्)। यथार्थमा भन्ने हो भने मन्दिरप्रति ध्यान नदिने मानिसहरूको मनस्थितिले तिनीहरूको गहिरो आत्मिक अवस्थामा समस्या भएको प्रमाणित गरेको थियो। आफ्नै जीवनको चक्करमा पर्दा मानिसहरूले परमेश्वरको निम्ति गर्नु पर्ने कामलाई भुलेका थिए।

परमेश्वरको महिमाको निम्ति ध्यान नदिने इस्राएलीहरूको उपरोक्त मानसिकताले के हामीलाई पनि केही हदमा सचेत गराइरहेको छ त?

## २. वचनवद्ध परमेश्वरको महान् वाचा (हग्गै १:१२-१४)

हग्गै १:१२-१४मा यसरी लेखिएको छः "तब परमप्रभु आफ्ना परमेश्वरले तिनलाई पठाउनुभएको कारणले, शालतिएलका छोरा यरुबाबेल, यहोसादाकका छोरा प्रधान पूजाहारी यहोशू र बाँकी रहेका प्रजासमेतले परमप्रभु आफ्ना परमेश्वरको आवाज र हाग्गै अगमवक्ताको कुरा पालन गरे। अनि मानिसहरूले परमप्रभुको डर माने। १३ तब परमप्रभुका समाचारवाहक हाग्गैले प्रजालाई परमप्रभुको यो समाचार सुनाएः "म तिमीहरूसँगै छु" भनी परमप्रभु भन्नुहुन्छ। १४ यसकारण परमप्रभुले शालतिएलका छोरा यहूदाका राज्यपाल यरुबाबेल र यहोसादाकका छोरा प्रधान पूजाहारी यहोशू र बाँकी रहेका प्रजाका आत्मालाई उत्तेजित पार्नुभयो। तिनीहरू आएर सर्वशक्तिमान् परमप्रभु आफ्ना परमेश्वरको मन्दिरमा काम गर्न सुरु गरे।"

परमेश्वरको मन्दिर निर्माण गर्न सबै एकजुत भएको कुरालाई हेर्नुहोस्। परमेश्वरको मन्दिरको (चर्च) निर्माण गर्न सबै विश्वासीहरूको साझा लक्ष्य हुनु किन जरुरी छ?

सारा अगुवा र मानिसहरूले जब हग्गैको सन्देश सुन्छन् तब तुरन्तै उनको वचन पालन गर्न तिनीहरू तयार हुन्छन्। तिनीहरू एकजुत भएर योजना बनाउँछन्, भवनको निम्ति सामग्रीहरू जुटाउँछन् अनि तिन हप्ता भित्र परमेश्वरको भवनको निर्माण गर्न सुरू गर्दछन्। त्यसको एक हप्ताभित्र तिनीहरूले बेदि बनाउँछन् र परमेश्वरको निम्ति फेरि बलिपूजा गर्न तयार हुन्छन् (एज्रा ३:१-६)। पाँच वर्ष भित्रमा परमेश्वरको मन्दिरको पुनःनिर्माण सम्पन्न हुन्छ।

हो, परमेश्वरको राज्य भनेको केवल भौतिक भवनभित्र सिमित हुने होइन। तर परमेश्वरले कहिलेकाही आत्मज्ञान सिकाउन भौतिक तत्वहरूलाई प्रयोग गर्नुहुन्छ भनेर हग्गैको पुस्तकले हामीलाई सम्झना गराउँदछन्।

परमेश्वरको अगमवक्ता वा समाचारवाहकको सन्देशले त्यसबेला सफलता पाउँछ जब मानिसहरूले शीघ्ररूपमा त्यसलाई पालन गर्दछन्। यदि यो कथन सत्य हो भने बाइबलमा उल्लेख गरिएका सफल अगमवक्ताहरूमा हग्गै पनि एक धरोहरको रूपमा खडा भएको मान्नु पर्छ। हग्गैको प्रचारले मानिसहरूलाई क्रियाशील बनाउन उर्जा प्रदान गरेको थियो। एक महिना भित्रै परमेश्वरका अगमवक्ताहरूको सक्रियतामा मन्दिरको पुनःनिर्माण हुन थालेको थियो। परमेश्वर ती इस्राएली जनहरूसँग हुनुहुनेछ र तिनीहरूलाई सहायता गर्नुहुनेछ भन्ने अगमवक्ताहरूको वाचाले ती मानिसहरूलाई परमेश्वरको मन्दिर निर्माण गर्न सक्रिय बनाएको थियो।

हग्गै १:१२-१४ले भन्दछन् कि अगुवा र जनमानसले उनको सन्देशलाई ग्रहण गरे। परमेश्वरले नै हग्गैलाई पठाउनुभएको हो भन्ने विश्वास मानिसहरूमा भएकोले तिनीहरू सबैले परमेश्वरको वचन पालन गरेका थिए। पद १२मा भन्दछ, "तिनीहरूले परमेश्वरको वचनको पालन गरे।"। परमेश्वरको उपासना गरेर र उहाँप्रति विशेष ध्यान दिएर उहाँको वचन पालन गरेका थिए भनेर ती मानिसहरूले जनाएका थिए। त्यसको फलस्वरूप अब हग्गैले परमेश्वरबाट पाएको नयाँ वचन दिन उनी तयार भएका थिएः "'म तिमीहरूको साथमा छु।'" (पद १३)। विगतका सबै

**कुराहरूलाई बिर्सेर जब मानिसहरूले परमेश्वरको वचन पालन गर्ने निधो गरे तब तिनीहरूलाई हप्काउनुको सट्टा उहाँले तिनीहरूलाई हौशला दिनुभएको थियो। तिनीहरूको माझमा परमेश्वरको उपस्थितिले गर्दा तिनीहरूले पाउनु पर्ने सबै आशिषका वाचा तिनीहरूले पाएका थिए। उहाँले गर्नुभएको वाचा "म तिमीहरूसँग हुन्छु" हग्गैको पालामा प्रथम् पटक थिएन। त्यो वचन बाइबलका मोसासहित पहिलाका अग्रजहरूले पनि पाएका थिए (उत्पत्ति २६ः३, प्रस्थान ३ः१२, प्रस्थान १४ः९)।**

हो, परमेश्वर हाम्रो साथमा हुनुहुन्छ भन्ने उत्कृष्ट प्रमाण येशू नै थियो (यस सन्दर्भमा यशैया ७ः१४, मत्ती १ः२३, मत्ती २८ः२० पढ्नुहोस्)। सारा सृष्टिका सृष्टिकर्ता र जगतका मालिक हाम्रो साथमा रहनुहुन्छ भन्ने आत्मज्ञानलाई गहिरिएर सोच्नुहोस्। हाम्रो जीवनको अवमूल्यन भइरहेको र हामी केही पनि होइनौं भन्ने वर्तमान संसारका मानसिकतामा होमिरहेको परिप्रेक्ष्यमा येशूले गर्दा सारा जगतको सामु हामी कत्तिको महत्त्वपूर्ण छौं भन्ने कुरामा गर्व गर्ने स्थानलाई के हामीले पन्छाएर बस्ने?

## ३. नडराऊ! (हग्गै २ः१-५)

मानिसहरूको बीचमा पुनर्जागरणको जोश चलेको थियो भनेर हग्गै २ः१-५मा यसरी रोचन चित्रण गरेको छः "सातौं महिनाको एक्काईसौं दिनमा परमप्रभुको यो वचन हाग्गै अगमवक्ताद्वारा आयोः २ "शालतिएलको छोरो यहूदाको राज्यपाल यरुबाबेल, यहोसादाकको छोरो प्रधान पूजाहारी यहोशू र बाँकी रहेका प्रजालाई अब यसो भन्। ३ तिनीहरूलाई सोध्, 'तिमीहरूमध्ये अब यहाँ को बाँकी छ, जसले यो भवनको अघिको महिमा देखेको थियो? अहिले तिमीहरूलाई यो कस्तो देखिन्छ? के तिमीहरूको नजरमा यो त केही पनि होइन जस्तो लाग्छ? ४ परमप्रभु भन्नुहुन्छ, 'तर अब हे यरुबाबेल, साहस गर, र हे यहोसादाकको छोरो प्रधान पूजाहारी यहोशू, साहस गर्। परमप्रभु भन्नुहुन्छ, 'देशका सबै प्रजा हो, साहस गर, काम सुरु गर। किनकि म तिमीहरूका साथमा छु भनी सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। ५ "तिमीहरू मिश्रदेशबाट निस्केर आउँदा मैले तिमीहरूसँग गरेको प्रतिज्ञा यही हो, अनि मेरो आत्मा तिमीहरूका साथमा रहेकै छ। तिमीहरू नडराओ।"

परमेश्वरको भवन निर्माण गर्न प्रतिवद्धता जाहेर गर्दै जब मानिसहरू एकजुट भएर काम गरिरहेको हुन्छ तब करिब एक महिनापछि हग्गैमार्फत परमेश्वरले उत्साहप्रद वचनहरू दिनुहुन्छ। बेबिलोनीहरूले ध्वस्त पारेका सोलोमनको नयाँ मन्दिरको दाँजोमा अब बनाइएको मन्दिर कस्तो थियो भनेर हग्गैले अगुवाहरूलाई सोध्दछन्। पहिलाको महिमित मन्दिरको दाँजोमा अहिलेको मन्दिर त्यस्तो उल्लेखनीय नभएको सबैले स्पष्ट रूपमा महशूस गरेको त थियो, किनभने त्यही स्थानमा पुनःनिर्माण भएतापनि सोलोमनको गौरवशाली मन्दिर जस्तै दुरुस्त बनाउन तिनीहरू असमर्थ भएको थियो।

परमेश्वरको आत्मा तिनीहरूसँग भएकोले निर्माणको कामलाई निरन्तरता देऊ भनेर हग्गैले उत्साह दिएका थिए। शक्तिशाली परमेश्वर तिनीहरूसँग हुनुभएकोले यहूदी समाजका सारा सदस्यहरू बलियो होस् र निर्माण कार्यमा कडा परिश्रम गर्दै रहुन् भनेर उनले आह्वान गरेका थिए। "बलियो होऊ" र "नडराऊ" भन्ने वचन मोसाको मृत्युपछि परमेश्वरले यहोशूलाई दिनुभएको जस्तै देखिन्छ (यहोशू १:५-९)। इस्राएल सानो र कमजोर भएतापनि परमेश्वरमाथिको विश्वास र आस्थामा झन बलियो हुन आवश्यक भएको थियो। पहिलेको गौरवशाली मन्दिर भन्दा अझ बढि गौरवशाली र भव्य मन्दिर परमेश्वरले बनाउनुहुनेछ भनेर हग्गैले मानिसहरूसामु सम्बोधन गरेका थिए। त्यो मन्दिर यथार्थमा येशू आफै हुनुहुनुभएको थियो जो येरुशलेममा भएको मन्दिरभन्दा महान् हुनुहुन्थ्यो (मत्ती १२:६)।

इस्राएलमा आफ्नो उपस्थितिलाई निरन्तरता दिएर पवित्र आत्माले परमेश्वरको कामलाई सहायता गर्नुभएको थियो। मोसा, भविष्यवक्ता र अरू अग्रजहरूलाई विभिन्न प्रेरणादायी सन्देशहरू दिएर परमेश्वरको आत्माले अगुवाइ गर्नुभएको थियो। अब पवित्र आत्मा ती यहूदीहरूको माझमा थिए। अगुवा र मानिसहरूको जवाफले यो प्रमाणित गरेको थियो कि तिनीहरूले विश्वाससाथ परमेश्वरको वचनलाई पालन गरे। ती मानिसहरूलाई पुनरुज्जीवित पार्दै अर्थात् नयाँ शक्ति दिँदै परमेश्वरको नजिक ल्याउन आफ्नो उपस्थितिद्वारा पवित्र आत्माले सक्रिय भूमिका खेलिरहेका थिए। पवित्र आत्माको उपस्थितिले ती मानिसहरूमा धेरै आशिषहरू ल्याइएका थिए। आफूले दिनुभएको वाचाहरूलाई पूरा गर्न परमेश्वर उत्सुक हुनुभएकोले उहाँको काम

इमान्दारीतासाथ सम्पन्न गराउन भविष्यवक्ताले मानिसहरूलाई उत्साहित गरेका थिए।

जीवन कस्तो कठोर छ भनेर ज्ञान भएका मानिसहरूलाई हग्गैले परमेश्वरको वचन प्रचार गरेका थिए। आशा पूरा नहुँदा मानिसहरू कतिको निराश हुन्छ भन्ने कुरा उनलाई थाहा थियो। तिनीहरूको ध्यान परमेश्वरतिर उनले फर्काएका थिए। परमेश्वर भरपर्दो र विश्वास योग्य हुनुहुन्छ। उहाँको राज्यमा उहाँका भक्तजनहरू जवाफदेहि नागरिकहरू होउन् भनेर उहाँ अपेक्षा गर्नुहुन्छ। जुनसुकै परिस्थितिको सामना गर्नुपरेतापनि तिनीहरूले असल काम गरिरहनु पर्दथ्यो। यदि त्यस्तो मनस्थितिमा मानिसहरू ढालिए तिनीहरूले जीवनको सत्य अर्थ के हो सो बुझ्दथे अनि यस संसारमा आफ्नो जीवनको लक्ष्य के हो सो पनि तिनीहरूले थाहा पाउँथे।

**एक जना ३५ वर्ष भएको मानिसले परमेश्वरमाथिको विश्वास गुमाएको थियो। आफूले आत्महत्या गर्नुभन्दा पहिले उसले १९०० पृष्ठको आत्महत्या गर्नुपर्ने कारण देखाएर लेख लेखेका थिए। आफ्नो लेखमा उनले लेखेको थियोः "प्रत्येक शव्द, प्रत्येक सोच र प्रत्येक भावनाले केवल एउटै आधारभूत समस्यातिर मेरो जीवन डोऱ्याइएको मैले पाएँः त्यो हो जीवनको अर्थ केही पनि छैन।" परमेश्वरमाथिको विश्वास र उहाँका वचनहरूलाई पालन गर्दा हाम्रो जीवन कसरी अर्थमूलक बन्दछ?**

## ४. सारा राष्ट्रहरूको चाहना (हग्गै २:६-९)

**के प्रतिज्ञा दिइएको छ र त्यो कसरी पूरा हुन्छ भनेर हग्गै २:६-९मा यसरी लेखिएको छः "सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, 'अब थोरै बेरपछि म फेरि आकाश, पृथ्वी, समुद्र र सुक्खा जमिनलाई हल्लाउनेछु। ७ म सबै जाति-जातिहरूलाई हल्लाउनेछु, र इच्छा भएका सबै जातिजातिका मानिसहरू आउनेछन्, र म यस भवनलाई महिमाले भरिपूर्ण पारिदिनेछु भनी सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। ८ 'चाँदी मेरै हो, र सुन पनि मेरै हो भनी परमप्रभु भन्नुहुन्छ। ९ 'यस भवनका पछिको महिमा अघिको भन्दा अझ बढ्ता हुनेछ भनी सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। 'अनि यस ठाउँमा म शान्ति प्रदान गर्नेछु, सर्वशक्तिमान् परमप्रभु घोषणा गर्नुहुन्छ।"**

परमेश्वरले आफ्नो दिनमा पृथ्वीलाई अति धेरै हल्लाउनुहुनेछ जसले गर्दा सारा राष्ट्रहरू तहसनहस हुनेछ भनेर उहाँले हग्गैमार्फत घोषणा गर्नुभएको थियो। जब परमेश्वरको उपस्थितिले मन्दिर भरिन्छ तब त्यसबेला त्यस भूकम्पको धक्का हुनेछ। वर्तमान जीवनमा झेलिरहेको समस्या र कठोरतामा मात्र नअल्मिलएर त्यस भन्दा अगाडिमा सोच भनेर अगमवक्ताले आफ्नो देशवासीहरूलाई आह्वान गरेका थिए। भविष्यमा आउने परमेश्वरको महिमित र गौरवशाली राज्यको बारेमा पनि ध्यान देऊ भनेर उनले सम्बोधन गरेका थिए।

गौरवशाली मन्दिर यरुशलेममा बनाउनुको अर्थ नै परमेश्वरको उपस्थितिको योग्य बनाउनु थियो। तर त्यस्तै गौरवमय भवन भन्दा कम स्थानमा पनि आफू उपस्थित भएर त्यहाँ महिमा ल्याउन परमेश्वर इच्छुक हुनुहुन्छ भनेर माथिको पदले बताउँदछ। परमेश्वरको मन्दिरको पुनर्निर्माण गर्न खर्च कहाँबाट आउँछ भन्ने कुरालाई मानिसहरूले चिन्ता गर्नु आवश्यक थिएन। सारा खजाना परमेश्वरको हो, जो त्यस नयाँ मन्दिरमा आफू रहन वाचा दिनुभएको थियो। त्यस मन्दिरको महिमा र शोभा बढाउने काम परमेश्वर आफैले गर्नुभएको थियो।

“आफ्ना हृदय र जीवनमा परमेश्वरको शक्तिले काम गर्न दिएर मानिसहरूले आफ्ना भाग पूरा गरेका थिए। फेरि त्यसै बखत परमेश्वरले हग्गै र जकरिया अगमवक्ताहरूद्वारा प्रतिज्ञाका सन्देशहरू परमेश्वरले पठाएको पठाए नै गरिरहनुभएको थियो। मानिसहरूले परमेश्वरप्रति प्रतिबद्धता जनाएको हुनाले तिनीहरूले धेरै इनाम पाउनेछन् र भविष्यमा हुने मन्दिरको यश विलाउने छैन भनेर उहाँले वचन दिनुभएको थियो। यहि मन्दिरमा येशू उचित समयमा देखापर्नुहुनेछ रे। सारा राष्ट्रहरूको चाहना वा केन्द्रविन्दु र महान् गुरू र मानव जगतको उद्धारकर्ता येशू हुनुभएको थियो।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस्,* पृ. ५७७बाट रूपान्तरित।

पहिलेको मन्दिरको गौरब भन्दा वर्तमान मन्दिरको गौरव महान् हुनेछ भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो। त्यो मन्दिरको महिमा अर्कै किसिमको हुनेछ किनभने येशूको व्यक्तिगत उपस्थितिले त्यस मन्दिरको गरिमामय बढाउनेछ। येशूको प्रत्यक्ष्य उपस्थितिले गर्दा सोलोमनको मन्दिर भन्दा हग्गैका पालमा बनेको नयाँ मन्दिरको महिमा र शोभा अझ उच्च भएका थिए।

हिब्रू ८:१-६ मा के भनिइएको छ सो पढ्नुहोस्: "अब हामीले भन्न चाहेको कुराचाहिँ यही होः हाम्रा यस्ता प्रधान पूजाहारी हुनुहुन्छ, जो स्वर्गमा महान् परमेश्वरका सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ। २ मानिसले होइन, तर परमप्रभुले खड़ा गर्नुभएको पवित्रस्थान, साँचो पवित्र वासस्थानमा उहाँ सेवक हुनुहुन्छ। ३ किनकि हरेक प्रधान पूजाहारी भेटी र बलिदान चढ़ाउन नियुक्त भएका हुन्छन्। यसकारण यी प्रधान पूजाहारीसँग पनि अर्पण गर्ने केही सामग्री हुनु आवश्यक छ। ४ उहाँ यस पृथ्वीमै हुनुहुँदो हो त उहाँ पूजाहारी हुनुहुने नै थिएन, किनभने व्यवस्थाबमोजिम भेटी चढ़ाउने पूजाहारीहरू त छँदैछन्। ५ तिनीहरूले स्वर्गीय पवित्रस्थानको नकल र छायाको सेवा गर्दछन्, किनकि मोशाले पवित्र वासस्थान बनाउन लाग्दा परमेश्वरको यस्तो आदेश पाएका थिए, "पर्वतमा तिमीलाई देखाइदिएको नमूनाबमोजिम तिमीले सब थोक बनाउनू।" ६ तर यसै पनि ख्रीष्टले प्राप्त गर्नुभएको सेवा त्यतिकै बढ़ी श्रेष्ठ छ, जत्तिको उहाँले मध्यस्थता गर्नुभएको करार पुरानोभन्दा उत्तम छ। किनभने यो करारको जग उत्तम प्रतिज्ञाहरूमा बसालिएको छ।"

यस पृथ्वीको मन्दिर येशूको महिमाले भर्नेछ भनि भनिएको छ। तर त्यो मन्दिर केवल स्वर्गको मन्दिरको छायाँ मात्र हो भन्ने तथ्यलाई हामीले बिर्सनुहुन्न। पृथ्वीको मन्दिर मुक्तिको योजनाको प्रतिक थियो। त्यसको अर्थ के हो, गहिरिएर सोच्नुहोस्। अहिले नै स्वर्गको पवित्र मन्दिरमा येशूले हाम्रो निम्ति काम गरिरहनुभएको छ रे। अनि त्यो मन्दिर मानिसको हातले होइन तर परमेश्वरको हातले बनाएको रे। येशूले स्वर्गको पवित्र मन्दिरमा के गरिरहनुभएको छ त्यो अझ राम्रोसँग बुझ्दा मुक्तिको योजनामा त्यसले उल्लेखनीय भूमिका खेलिरहेको हुन्छ भन्ने आत्मज्ञान हामीले पाउँछौं। त्यस ज्ञानलाई अझ राम्रोसँग हामीले कसरी सिक्ने?

## ५. परमेश्वरको औंठि र राजकिय लालमोहर (हग्गै २:२३)

परमेश्वरले हग्गैलाई अन्तिम सन्देश त्यसै दिन दिनुभएको थियो जब त्यो भन्दा अघिको सन्देश दिनु भएको थियो। त्यसबेला सबै परमेश्वरका भक्तहरू मिलेर काम गर्न तिनीहरूलाई निर्देशन दिइएको थियो (हग्गै २:२२,२३)। परमेश्वरको न्यायको दिनमा राज्य र राष्ट्रहरू ध्वस्त हुनेछ भनेर उहाँले तिनीहरूलाई चेतावनीस्वरूप त्यस सन्देश

दिनुभएको थियो। फेरि त्यसै दिन, परमेश्वरको मुक्तिको योजनाको काम उहाँको सेवकले सफलतासाथ सम्पन्न गर्नुहुनेछ भनेर उहाँले हग्गैलाई भन्नुभएको थियो। त्यो कहिले हुन्छ त भन्दा येशूको दोस्रो आगमनमामात्र सत्यरूपमा पूरा हुनेछ भनेर हामीले बुझ्नु अति जरुरी छ।

राजा दाउदले चलाएको राज्य सुनौलो थियो। इस्राएलको राजनैतिक अगुवाहरू त्यस राज्यसँग गाँसिएका थिए। येशू दाउदकै घरानाबाट जन्महुनेथियो। उदाहरणमा हेरौं भने जेरुबेबल राजा योहाकिमको नाती थियो। जब यहूदीहरू बेबिलोनबाट फर्केर आए तब जेरुबेबल दाउदको गद्दीको वैध हकदार भएको थियो। पर्सियाको महान् सम्राट दारियसको अन्तर्गत जेरुबेबल यहूदाको बडा हाकिम भएर काम गरेको थियो। यरूशलेममन्दिरको पुननिर्माण उनकै नेतृत्वमा भएको थियो। त्यो निर्माण काममा सघाउन यहोशू पनि थिए जो तत्कालिन मन्दिरको मूल पुजारी थियो।

परमेश्वरको राजकिय छाप भएको औंठी जेरुबेबल हुनेछ भनेर अगमवक्ताले भनेका थिए। राजकिय अख्तियार र स्वामित्व जनाउने प्रमाण राजाको औंठिले दिँदछ। उदाहरणमा, कानूनी दस्तावेजहरूमा राजाले आफ्नो औंठीको छाप लगाउँथ्यो र ती कार्यान्वन हुन्थे। त्यही रूपले उहाँको सेवकको कामद्वारा सारा पृथ्वीमा परमेश्वरले लालमोहर लगाउनुहुनेछ। मन्दिर निर्माण गर्न जुन् भूमिका जेरुबेबलले खेले त्यो त्यत्तिको महत्त्वपूर्ण छैन भनेर हेर्नुहुन्न। तर हग्गैद्वारा परमेश्वरले दिनुभएको सबै प्रतिज्ञा जेरुबेबलको पालामा पूरा भएको थिएन। प्रेरणा पाएर सुसमाचार लेख्ने मत्ती, मर्कूस, लूका र यूहन्नाले येशू ख्रीष्टको व्यक्तित्व र परमेश्वरको निम्ति गर्नुभएको उहाँको कामलाई औंल्याएका थिए। दाउद र जेरुबेबलको वंशबाट नै येशू ख्रीष्टको जन्म भएको थियो। मसिह र अर्थात् सच्चा उद्धारकर्ताको बारेमा जतिपनि प्रतिज्ञाहरू बाइबलमा उल्लेख गरेका छन्, ती सबै प्रतिज्ञाहरूलाई येशूले नै पूरा गर्नुभएको थियो। अर्थात् ती प्रतिज्ञाहरूको अन्त येशू नै हुनुहुन्थ्यो।

**ख्रीष्ट मर्नु भएपछि उहाँ पुनरुत्थान हुनुभएको थियो। तै पनि उहाँका कतिपय चेलाहरूले उहाँको बारेमा बुझ्न सकेका थिएनन्। एक दिन दुई जना चेलाहरू इम्मायुसको बाटोमा जाँदा जाँदै येशूको बारेमा अलमल्मा परेर चर्चा गरिरहेका थिए। तब येशू तिनीहरूको बीचमा**

**तिनीहरूले तत्कालै नचिन्ने गरेर देखा पर्नुभयो। अनि तिनीहरूसँग सोधपूछ गरेपछि उहाँले स्मरण शक्तिबाट पुरानो करारमा उल्लेखित ख्रीष्टको बारेमा भविष्यवाणीहरू बताउनु भएको थियो र त्यो कसरी पूरा भए भनेर पनि स्पष्ट रूपमा बुझाउनुभएको थियो। (त्यस घट्नाको विस्तृत विवरण लूका २४:१३-२७मा उल्लेख गरेको पढ्नुहोस्)। हामी येशूका उपासकहरू हौं भनेर दावी गर्नेहरूको निम्ति उहाँको बारेमा पुरानो करारमा उल्लेख गरेका भविष्यवाणीहरूको बारेमा जानकारी हुनु किन जरुरी छ?**

## उपसंहार:

**थप जानकारी:** "जो मानिस परमेश्वरमा भरोसा राखेर चल्दछ त्यसको निम्ति जुनसुकै अन्धकारको सुरुङ्गमा जाकिएतापनि ऊ आशाबिना हुँदैन। समस्याको समाधान गर्न हग्गै र जकिरिया अगमवक्ताहरूको उदय भएको थियो। दु:खकष्टको जग के हो भनेर ती अगमवक्ताहरूले आफ्ना प्रभावशाली सन्देशद्वारा मानिसहरूलाई खुलाएका थिए। परमेश्वरको सदिच्छालाई प्राथमिकता नदिएर उहाँलाई उपेक्षा गर्दा मानिसहरू असफल र असतुंष्ट भएका थिए भनेर ती अगमवक्ताहरूले औंल्याएका थिए। यदि परमेश्वरको भवन बनाएर परमेश्वरको सम्मान ती इस्राएलीहरूले पहिलो गरेको भए तिनीहरूले उहाँलाई आमन्त्रण गर्न सक्थ्यो र उहाँबाट पाउने आशिषहरू तिनीहरूले पाउने थिए।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस्,* पृ. ५७३, ५७४बाट रूपान्तरित।

जब राजा सोलोमनले परमेश्वरको निम्ति प्रथम मन्दिर निर्माण गरेर उहाँलाई समर्पण गरेका थिए तब त्यहाँ परमेश्वरको महिमाको बादलले ढाकेको थियो। "दोस्रो मन्दिर निर्माण हुँदा परमेश्वरको महिमाको बादल त्यहाँ छाएर त्यस मन्दिरको मर्यादा देखाएको थिएन। तर त्यस मन्दिरको सम्मान येशूको प्रत्यक्ष्य उपस्थितिले देखाएका थिए। उहाँ परमेश्वर आफै मानव शरीरमा आउनुभएको थियो। "सारा राष्ट्रहरूको चाहना" (येशू) त्यस मन्दिरमा आउनुभएर त्यस मन्दिरको शोभा बढाइएको थियो। नासरथको व्यक्तिले त्यस पवित्र मन्दिरको परिसरमा रहेर परमेश्वरको वचन प्रचार गर्नुभएको थियो। त्यहाँ नै मानिसहरूलाई चङ्गाईको काम उहाँले गर्नुभएको थियो। त्यस परिप्रेक्ष्यमा दोस्रो मन्दिरको महिमा पहिलेको भन्दा महान् हुनगएको थियो किनभने

त्यहाँ ख्रीष्ट स्वयँको उपस्थिति थियो।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. २४बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **यस** संसारमा येशूको उपस्थितिको बारेमा गहिरिएर सोच्नुहोस्। उहाँको उपस्थितिमात्र होइन, मानिसको पापको निम्ति उहाँको निस्वार्थ बलिदानको बारेमा पनि ध्यान गर्नुहोस्। त्यसले गर्दा हामीहरू कत्तिको मूल्यवान रहेछौं भन्ने सन्देश कसरी हामीलाई दिइएको छ?

आ. यस संसारका राज्यहरूलाई हल्लाएर पृथ्वीलाई तर्साउने बेबिलोनको अहङ्कारी सम्राटको बारे यशैयाले चर्चा गरेका थिए (यशैया १४:१६,१७)। हग्गै अध्यायमा वयान गरेको अनुसार परमेश्वरले ल्याउनु हुने भुकम्प र त्यस सम्राटले ल्याउने भुकम्पमा के फरक छ?

इ. परमेश्वरका अगमवक्ताहरूले प्रचार गरेका सन्देशहरूलाई बाइबलकालमा रहेका इस्राएलीहरूले प्रायजसो वेवास्ता गरेका थिए। वर्तमान परिप्रक्ष्यमा पनि त्यही मनस्थितिले मानिसहरूलाई निरन्तरता दिएको कुरालाई तपाईं के भन्नुहुन्छ?

ई. बाइबलको यो धारणा स्पष्ट छः जब येशूको मृत्यु भयो तब इस्राएल वा यरुशलेममा रहेको मन्दिरको औचित्य समाप्त भएको थियो। त्यहाँ गरिने कुनै पनि बलिप्रथाहरू अर्थहिन हुनगएको थियो। येशूको मृत्युपूर्व अवलम्बन गरिएको पवित्र मन्दिरमा कुनै पनि बलिप्रथा, धार्मिक संस्कार वा परम्परा आदिले के गर्न सक्दैन जुन् ख्रीष्टले गर्नुभएको त्यसबेलाको काम र अहिले स्वर्गको मन्दिरमा गरिरहनुभएको कामले गर्न सक्दछन्? त्यसको जवाफको निम्ति हिब्रू ८ र ९ पढ्नुहोस्।